# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल


प. स. ०७७।०७८
च. न. १५४२

पुन: प्रकाशित मिति:२०७७।१२।०१

## सहकारी संस्थाहरुलाई अत्यन्त जरुरी सुचना

सहकारी ऐन २०७४ को दफा ७५ (१), दफा ३९ (२) र दफा ७३ (१) बमोजिम क्रमश: सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरिक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरिक्षकद्वारा गराउनु पर्ने, समितिले आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्ने र सो लगायतका अन्य विवरणहरु सहितको प्रतिवेदन सम्बन्धित अधिकारी समक्ष बुझाउनु पर्ने व्यवस्था रहेको विदितै छ।

यस सन्दर्भमा कमल गाउँपालिकाले प्रथम पटक मिति:२०७७।११।२१ सहकारी संस्थाहरुलाई २०७७ साल फागुन मसान्त भित्र आ-आफ्नो संस्थाको विवरण बुझाउनुहुन अनुरोध गरिएको विदितै छ। कमल गाउँपालिका कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका केहि सहकारी संस्थाहरुले लेखापरिक्षण तथा साधारण सभा गरे/नगरेको जानकारी प्राप्त नभएको र प्रचलित कानून बमोजिम बुझाउनु पर्ने विवरण सम्बन्धित अधिकारी समक्ष बुझाएको नपाइएकोले विवरण बुझाउन बाँकि रहेका सहकारी संस्थाहरुले २०७७ साल चैत्र १० गते भित्र आ-आफ्नो संस्थाको विवरण अनिवार्य रुपमा बुझाउनुहुन पुन: दोश्रो पटक अनुरोध गरिएको छ। यस समयभित्र विवरण पेश नगर्ने सहकारी संस्थाहरुलाई सहकारी ऐन २०७४ बमोजिम कारवाहि हुने व्यहोरा जानकारी गराइन्छ।

१२/१

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत